STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ वैशाख १२ गते सोमबार ❑ 25 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## कांग्रेसको अबको पाँच वर्ष : स्थानीय सरकारको मार्गचित्र

रासस
काठमाडौं, ११ वैशाख

नेपाली कांग्रेसले स्थानीय सरकारको स्वायत्तता र सवलीकरण गर्ने आफ्नो निरन्तरको प्रतिबद्धता, स्थानीय सरकारको पहिलो कार्यकालका अभ्यास, अनुभव र अवसरको कसीमा प्रभावकारी स्थानीय सरकारको अबको मार्गचित्र तय गर्ने जनाएको छ।

कांग्रेसले यही वैशाख ३० हुने स्थानीय तहको निर्वाचनका लागि आज पार्टीको घोषणापत्र सार्वजनिक गरेको छ। 'नेपाली कांग्रेसको सङ्कल्प' नाम दिइएको घोषणा पत्रमा संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारको अधिकतम उपयोग गरी स्थानीय तहमा विकास गरी जनतालाई सुखी, स्वावलम्बी तथा सबल बनाउने योजना अघि बढाएको छ। कांग्रेसले समुन्नत नेपालको आधार नै गाउँ र नगरको समुन्नति भएको परिकल्पना गर्दै स्थानीय सरकारलाई अधिकार तथा साधनस्रोत सम्पन्न र प्रभावकारी बनाएर गाउँ र नगरको विकास र समुन्नतिको ठोस आधार तय गर्ने जनाएको छ। नागरिकको पहिचान, प्रगति र प्रतिष्ठालाई मजबुद बनाउने, जनतामुखी नीति अनुसरण गरी उत्तरदायी र जवाफदेही रूपमा सरकार सञ्चालन गर्ने, समुन्नत नेपालको राष्ट्रिय आकाङ्क्षा अनुरुप स्थानीय तहले समुन्नत गाउँ, समुन्नत नगरका नीति र कार्यक्रमको ठोस मार्गचित्र तय गरी कार्यान्वयन गर्ने कांग्रेसको योजना छ।

कांग्रेसले परिकल्पना र प्रस्ताव गरेको मार्गचित्र अनुरुप स्थानीय सरकारले अबको पाँच वर्ष आफ्ना क्षेत्रगत नीति, योजना र कार्यक्रम अगाडि बढाउन नागरिकको स्वतन्त्रता र सम्मान संविधानले विस्तृत रुपमा राजनीतिक, सामाजिक-सांस्कृतिकलगायत अधिकारलाई अनुशरण गर्ने जनाएको छ। सबल स्थानीय सरकारका लागि असल शासन र जवाफदेहिता, सहज र प्रभावकारी सेवा प्रवाह, नीतिगत, कानुनी तथा संस्थागत क्षमता विकास, स्रोतको उचित व्यवस्थापन, समन्वय, सहकार्य र साझेदारी, सामाजिक रुपान्तरणको मूल अभियन्ता, प्रमाण, तथ्य र तथ्याङ्कका आधारमा बजेट, नीति र योजना तर्जुमा, सूचना प्रविधिको प्रयोग, नागरिक सम्बन्ध र जनसहभागिता, सिर्जनशील र जनमुखी नेतृत्व मूलभुत सिद्धान्त अनुसरण गर्ने कांग्रेसले जनाएको छ। कांग्रेसले अबको दशकमा शिक्षा प्रणालीलाई व्यापक सुधार गर्दै सबैलाई गुणस्तरीय शिक्षा दिलाउने प्रमुख लक्ष्य राखी त्यसका लागि 'रट्ने र घोक्ने' खालको सिकाइ परम्परालाई निरुत्साहित गर्दै बालविकासदेखि माध्यमिक तहसम्मै 'सोच्ने, सोध्ने र सिक्ने' शिक्षण परम्परा र अभ्यासलाई प्रोत्साहन गर्दै लाने जनाएको छ। विद्यालयमा उपस्थिति दर उत्साहजनक देखिए पनि ड्रप-आउट दर घटाउन र रिटेन्शन दर बढाउने नीति र कार्यक्रम अवलम्बन गर्दै जाने कांग्रेसले सङ्कल्प गरेको छ।

कांग्रेसले गाउँगाउँमा स्वास्थ्य सेवा र जनशक्ति पुऱ्याउने, स्वास्थ्य बीमालगायत विगतमा विभिन्न कालखण्डमा आफ्नो सरकारले गरेका प्रयास र उपलब्धिलाई स्मरण गर्दै स्वास्थ्यसम्बन्धी नागरिक अधिकारलाई कार्यान्वयन गर्न जनता केन्द्रित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। बढ्दो नसर्ने रोगको भार न्यून गर्न, स्वास्थ्यमा जनताको खल्तीबाट हुने खर्च कम गर्न, संविधान र दिगो विकासका लक्ष्यअनुसार स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच कायम गर्न गुणस्तरीय स्वास्थ्य सेवा उच्च प्राथमिकतामा रहनु पर्दछ भन्ने कांग्रेसको भनाइ छ।

संविधानले स्थानीय सरकारलाई प्रत्याभूत गरेका स्वास्थ्यको अधिकार कार्यान्वयन गर्दै निःशुल्क आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय सेवामा सहज र समतामूलक पहुँच सुनिश्चित गर्न कांग्रेसले सङ्कल्प गरेको छ। किसान कल्याण, सामूहिक प्रयासबाट प्राप्त हुने खाद्य तथा पोषण सुरक्षा, कृषि उद्यम तथा उद्योगको विकास, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन र वातावरण तथा जैविक विवधताको संरक्षण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि, विविधिकरण, व्यावसायीकरण र औद्योगीकीकरणका माध्यमबाट किसानको आम्दानी वृद्धि, खाद्य तथा पोषण सुरक्षा र आत्मनिर्भर कृषि क्षेत्रलाई कांग्रेसको आफ्नो मार्गचित्र भनी उल्लेख गरेको छ।

## पोखरा महानगरको प्रमुखमा ११ र उपप्रमुखमा चारको उम्मेदवारी

पोखरापत्र संवाददाता
पोखरा, ११ वैशाख

भौगोलिक रुपमा देशकै ठूलो पोखरा महानगरपालिकामा आसन्न वैशाख ३० गतेको स्थानीय तह निर्वाचनका लागि उम्मेदवारी मनोनयको आइतबार पहिलो दिन प्रमुखमा ११ र उपप्रमुखमा चार जनाको मनोनयन दर्ता भएको छ।

ठूला राजनीतिक दलले उम्मेदवारी दर्ता नगरे पनि साना र स्वतन्त्र उम्मेदवारले सहिदचोकस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयमा प्रमुख, उपप्रमुख, वडाध्यक्ष र सदस्य पदका लागि मनोनयन दर्ता गराएका हुन्। प्रमुखका लागि राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट गोविन्द गुरुङ, मौलिक जरो किलो पार्टीबाट सज्जय तिमिल्सिना, सचेत नेपाली पार्टीका भोजराज खनाल, मङ्गोल नेशनल अर्जनाइजेसनका प्रेमबहादुर गुरुङ र नेपाल जनता दलका मुक्तिनाथ सुवेदीले मनोनयन दर्ता गराउनुभएको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सूचना अधिकारी नील पनेरुले जानकारी दिनुभयो। यसैगरी स्वतन्त्र उम्मेदवारह खडकराज पौडेल, विमलबहादुर कार्की, रामराज अधिकारी, डिलबहादुर गुरुङ, नवराज बाँस्तोला र किशानसिंह गुरुङले मनोनयन गराउनुभएको छ।

यसैगरी उपप्रमुखका लागि राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालबाट चिना दवाडी, सचेत नेपाली पार्टीका सोनी परियार, मङ्गोल नेशनल अर्गनाइजेसनका रामबहादुर तामाङ र स्वतन्त्र सोममाया विकले मनोनयनपत्र दर्ता गराउनुभएको सूचना अधिकारी पनेरुले बताउनुभयो। उहाँका अनुसार पोखरामा पहिले दिन ४७ जनाको उम्मेदवारी परेको छ। जिल्लाका प्रमुख राजनीतिक दलले भने उम्मेदवार टुङ्गो लगाउन नसक्दा पहिलो दिन उम्मेदवारी दर्ता गराएनन्। नेपाली कांग्रेस, नेकपा(माओवादी केन्द्र), नेकपा(एकीकृत समाजवादी), जनता समाजवादी र राष्ट्रिय जनमोर्चाको सत्तारुढ गठबन्धन र नेपाल कम्युनिष्ट पार्टी(एमाले)ले जिल्लाका कुनै पनि पालिकामा मनोनयन दर्ता गराएका छैनन्। सत्ता गठबन्धनले जिल्लामा अहिलेसम्म पनि औपचारिक सिट बाँडफाँट टुङ्गो लगाउन सकेको छैन। गठबन्धनका नेता दिनहुँ छलफलमा जुटे पनि अझै सहमति बन्न नसकेको बताइन्छ। गठबन्धनले आइतबार रातिसम्म बाँडफाँट तय गरिने जनाएको छ। एमालेले पनि पालिका र जिल्लाबाट सिफारिस भएर आएका नाममा अझै छलफल भइरहेको जनाएको छ। ठूला राजनीतिक दलले सोमबार मनोनयन दर्ताको तयारी गरेका छन्। निर्वाचन अधिकृतको कार्यालयले बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारी दर्ताको समय तोकेको थियो। निर्वाचन अधिकृतको कार्यालयले महानगरको प्रमुख र उपप्रमुखका लागि रु एक हजार ५००, वडाध्यक्षका लागि रु एक हजार र सदस्यका लागि रु ५०० दर्ता शुल्क तोकेको छ।

## कक्षा १२ को परीक्षा समय तालिका परिवर्तन

रासस
काठमाडौं, ११ वैशाख

राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले कक्षा १२ को परीक्षाको समय तालिकामा केही फेरबदल गरेको छ।

बोर्डले आइतबार सूचना प्रकाशित गरी आगामी जेठ १६ देखि २५ गतेसम्म सञ्चालन हुने कक्षा १२ को वार्षिक परीक्षामा केही परिवर्तन गरेको जनाएको छ। सूचनामा कक्षा १२ को वार्षिक परीक्षा बिहान ८ देखि ११ बजेसम्म हुने उल्लेख छ। यसअघि बिहान ११ देखि अपराह्न २ बजेसम्म परीक्षा सञ्चालन गर्ने समय तालिका सार्वजनिक गरेको थियो। विभिन्न सरोकारवालाले समय तालिका परिवर्तन गरिदिन अनुरोध गरेपछि समय तालिका परिवर्तन गरिएको बोर्डले जनाएको छ।

## नेपालको स्वास्थ्य आपत्कालीन तयारीमा सघाउने डब्ल्युएचओको प्रतिबद्धता

रासस
काठमाडौं, ११ वैशाख

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले नेपालको स्वास्थ्य आपत्कालीन तयारीलाई सुदृढ बनाउन तथा स्वास्थ्य क्षेत्रका प्राथमिकतामा सघाउने प्रतिबद्धता व्यक्त गरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले आज आयोजित पत्रकार सम्मेलनमा आफ्नो निमन्त्रणामा डब्ल्युएचओका महानिर्देशक डा टेड्रोस अधानोम गेब्रेयससबाट शनिबार सम्पन्न नेपालको तीनदिने औपचारिक भ्रमण र त्यसक्रममा भएका छलफलबारे जानकारी दिनुभएको हो।

नेपालमा बाल तथा स्त्रीरोग ओन्कोलोजीमा केन्द्रित मातृ र बाल स्वास्थ्य सहकार्य केन्द्र स्थापना, किटजन्य रोगको तालिम तथा अनुसन्धान केन्द्रलाई डब्ल्युएचओको दक्षिणपूर्वी एशियाली क्षेत्रीय केन्द्रका रुपमा विकास गर्न, अत्यावश्यक औषधि उत्पादन र शल्यचिकित्सासम्बन्धी स्वास्थ्य उद्योग स्थापनाका साथै नेपाली विज्ञहरूलाई अवसर एवं क्षमता विकासमा सहयोग गर्ने प्रतिबद्धता महानिर्देशकले व्यक्त गर्नुभएको उहाँले बताउनुभयो।

"महानिर्देशक टेड्रोसले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा चासो लिँदै अत्याधुनिक आनुवंशिक प्रयोगशालाको विकास, उपकरण र प्रशिक्षणमा सहयोग गर्ने अभिलाषा प्रकट गर्नुभएको छ", डब्ल्युएचओका प्रतिनिधिमण्डलसमक्ष नेपालले प्रस्तुत गरेका विषयलाई उहाँले सकारात्मकरुपमा लिएर तिनलाई कार्यान्वयन गर्न आवश्यक कार्ययोजनासहितको प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको जानकारी मन्त्री खतिवडाले भन्नुभयो।

राष्ट्रिय खोप कार्यक्रम, आपत्कालीन तयारी र प्रतिकार्य प्रणालीलाई सुदृढ बनाउन डब्ल्युएचओले सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको उहाँले जानकारी दिनुभयो। नेपालको स्वास्थ्य क्षेत्रको विकासमा डब्ल्युएचओले सहयोग गर्दै आएको छ।

## काँग्रेस र एमालेद्धारा धमाधम उम्मेदवार छनौट

पोखरापत्र संवाददाता
स्याङ्जा, ११ वैशाख

स्थानीय तह निर्वाचनका लागि नेपाली काँग्रेस र नेकपा एमाले स्याङ्जाले धमाधम उम्मेदवार छनौट गरेका छन्। वैशाख ३० गतेका लागि तोकिएको निर्वाचनको उम्मेदवार मनोनयन गर्ने पहिलो दिन वैशाख ११ गते काँग्रेस र एमालेले उम्मेदवार छनौट गरेकाहुन्।

नेपाली काँग्रेस स्याङ्जाले गठबन्धन कायम रहने गरी जिल्लाका ६ गाउँपालिका अध्यक्ष र एक उपाध्यक्षसहितका उम्मेदवार छनौट गरेको छ। नगरपालिकाका प्रमुख तथा उपप्रमुखका उम्मेदवार चयनका लागि भने गण्डकी प्रदेशमा छलफल जारी रहेको बताइएको छ। गाउँपालिकामध्ये अर्जुनचौपारीमा अध्यक्ष र उपाध्यक्ष पदमा काँग्रेसकै उम्मेदवार बनाईएको छ। अन्य ५ वटा गाउँपालिकामा भने गठबन्धन भित्रका उम्मेदवारलाई उपाध्यक्ष र केही वडाका अध्यक्ष सहित सदस्य पद दिनेगरी उम्मेदवार छनौट गरिएको काँग्रेस स्याङ्जाका प्रवक्ता भरत लम्सालले जानकारी दिएका छन्। अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षमा प्रकाश तिवारी र उपाध्यक्षमा सपना गुरुङलाई उम्मेदवार बनाउने निर्णय भएको छ। आँधीखोलामा प्रेमराज पौडेल, फेदीखोलामा लक्ष्मीप्रसाद बराल, हरिनासमा टोपबहादुर भुजेल, बिरुवामा डोलराज पोखरेल र कालीगण्डकीमा माया रानालाई अध्यक्षको उम्मेदवार बनाउने निर्णय भएको लम्सालले बताए। उपाध्यक्षसहित तोकिएका संख्यामा केही वडा अध्यक्ष र सहस्यहरुमा गठबन्धनले निर्णय गरेर उम्मेदवार पठाउने भएका छन्। एमालेको प्रभाव क्षेत्र मानिएको फेदिखोलाका बराल नेकपा एमाले परित्यागगरी हप्ताअघि काँग्रेसमा प्रवेश गरेका हुन। उनलाई केही दिनअघि मात्रै काँग्रेस स्याङ्जाको जिल्ला सदस्य पदमा मनोनित गरिएको थियो। जिल्लास्थित ठूला राजनीतिक दल एमाले र काँग्रेसले भने सोमबार मनोनयन दर्ता गराउने जनाएका छन्। केही स्थानीय तहमा साना दलका उम्मेदवारहरुले आइतबार नै उम्मेदवार मनोनयन गरिसेका छन्। नेकपा एमालेबाट अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षमा चीनमाया गुरुङ र उपाध्यक्षमा टंकप्रसाद खनाललाई चयन गरेको छ। गुरुङ गाउँपालिकाको बहालवाला उपाध्यक्ष समेत हुन्। यसअघि वालिङ नगरपालिकाको नगर प्रमुखमा कृष्ण खाँण र नगर उपप्रमुखमा खगीसरा थापालाई उम्मेदवार बनाउने निर्णय गरेको छ। त्यसैगरी एमालेले आँधिखोला गाउँपालिकामा अध्यक्ष विश्व पौडेल र उपाध्यक्षमा सीता थापालाई उम्मेदवार बनाउने निर्णय गरिसकेको छ। हरिनास गाउँपालिकामा अध्यक्षमा खिमनारायण मानन्धर र उपाध्यक्षमा इन्द्र कुमारी थापा रानालाई अगाडि सारेको छ। फेदीखोलामा पुष्प बराल, बिरुवामा प्रकाश थापा र कालीगण्डकीमा खिमबहादुर थापा उम्मेदवार रहने एमाले स्याङ्जाले जनाएको छ।

## हार्दिक बधाई एवम् शुभकामना



श्री उज्वल रंजीत/ विकास गुरुङ

हाम्रा आत्मीय मित्र रामबजार पोखरा-१० निवासी यस भ्याली स्पोर्ट्स क्लब रामबजार १०/१५ का पूर्व खेलाडी र कार्यसमितिका सदस्य अखिल नेपाल फुटबल संघ कास्कीको ७ औं अधिवेशनबाट क्लबका पूर्व खेलाडी **उज्वल रंजीत** अध्यक्ष पदमा र क्लबका सदस्य **बिकास गुरुङ** सदस्य पदमा निर्वाचित हुन सफल हुनुभएकोमा **उज्वल रंजीत र बिकास गुरुङ** लगायत नवनिर्वाचित सम्पूर्ण पदाधिकारी सदस्यहरूलाई **हार्दिक बधाई** तथा सफल कार्यकालको सफलताको **शुभकामना** व्यक्त गर्दछौं।

सम्मर बहादुर श्रेष्ठ
अध्यक्ष एवं
भ्याली स्पोर्ट्स क्लब परिवार
रामबजार १०/१५, पोखरा

# पुम्दीकोटमा जारी महायज्ञमा २ करोड १४ लाख संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

पोखरा २२ को पुम्दीकोटमा जारी महायज्ञमा २ करोड १४ लाख रुपैया संकलन भएको छ। पुम्दीकोट कोट विकास समितिको आयोजनामा शिव महापुराण एवं धार्मिक पर्यटन महोत्सव अर्न्तगत आइतबारसम्म उक्त रकम संकलन भएको महायज्ञका आर्थिक उपसमिति सह-संयोजक निर्मल बरालले बताए।

महायज्ञको आठौं दिन (आइतबार) मात्र करिब ५२ लाख ६२ हजार संकलन भएको बरालले बताए। मुक्तिनाथ विकास बैंकले महायज्ञमा १० लाख १ हजार १ सय ११ रुपैया आर्थिक सहयोग गरेको बरालले बताए। त्यसै गरी महायज्ञमा पोखरा २२ ठुलीबिडी निवासी भोलानाथ बरालबाट २ लाख २५ हजार, हाल अमेरीका बस्दै आएका अरुण धिताल र प्रतिमा धितालबाट २ लाख २५ हजार, पोखरा ६ बैदाम निवासी लक्ष्मीदेवि आचार्यबाट २ लाख २५ हजार रुपैया संकलन भएको समितिले जनाएको छ। त्यसै गरी होटल पुम्दीकोट भ्युबाट २ लाख, स्थानिय श्रीकृष्ण भजन मण्डली ढलेपिपल लप्सिवोट आमा समुहबाट १ लाख ३२ हजार ५ सय ५, हाल अमेरीका निवासी कमल बराल, सुस्मिता सापकोटाबाट १ लाख १ हजार १ सय ८, पोखरा ५ पर्स्याङका डा. झलक कार्की र लक्ष्मीदेवि कार्कीबाट १ लाख ५ हजार ५ सय ५५, पोखरा २१ दोपरेका सावित्री सुवेदीबाट १ लाख १ हजार १ सय ११ रुपैया महायज्ञमा प्राप्त भएको छ। त्यस्तै पोखरा २२ डाँडाथोक निवासी राजेन्द्र प्रसाद क्षेत्रीबाट १ लाख १ सय, पोखरा १७ विरौटाको बालोदय मार्ग टोल विकास संस्थाबाट ५९ हजार ४ सय ५, पोखरा ६ बैदाम नन्दकिशोर पहारीबाट ५५ हजार ५ सय ५५, पोखरा २२ अर्चलवोट निवासी पोष्टराज बाँस्तोलाबाट ५५ हजार ५ सय ५५, बालोदय मार्ग पोखरा १७ का रुद्रबहादुर थापा बाट ५१ हजार १ सय ११ रुपैया, पोखरा २२ का वडा अध्यक्ष मित्रलाल बराल र लिलादेवि बरालबाट ३० हजार रुपैया महायज्ञमा सहयोग प्राप्त भएको महायज्ञका आर्थिक उपसमिति सदस्य भवनराज बरालले बताए। दाताहरुलाई महायज्ञ स्थलमा पन्चे बाजागाँजा सहित भजन चुड्काको साथमा अभिनन्दन सहित सम्मान गरिएको आर्थिक उपसमिति संयोजक डिल्लीराम बरालले बताए। महायज्ञमा मुख्य बाचकको रुपमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतम रहेका छन्। महायज्ञको औपचारिक रुपमा समापन मंगलबार हुने तयारी गरिएको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए।

# पश्चिमाञ्चल खेलकुद विकास समितिद्वारा मञ्चका पदाधिकारीलाई बधाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिले नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका पदाधिकारीहरुलाई स्वागत तथा बधाई ज्ञापन गरेको छ।

मञ्चको हालै सम्पन्न अधिवेशनबाट नवनिर्वाचित पदाधिकारीलाई समितिले एक समारोहका बिच पोखरा रंगशालामा आइतबार स्वागत तथा बधाई ज्ञापन गरेको हो। कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद (राखेप) का सदस्य राजेश गुरुङ र पश्चिमाञ्चल खेलकुद विकास समितका कार्यालय प्रमुख लक्ष्मण योगीले मञ्चका अध्यक्ष दीननाथ बराल सहितको पदाधिकारीहरुलाई



टिका र खादा लगाएर स्वागत तथा बधाई ज्ञापन गरेका हुन्।

कार्यक्रममा बोल्दै राखेप सदस्य गुरुङले गण्डकी प्रदेशको राजधानि पोखरामा हुने नवौं राष्ट्रिय खेलकुदका लागि आवश्यक सबै पूर्वाधारहरु तयार रहेको बताए। उनले नवौं राष्ट्रिय खेलकुदको कुम्भ मेलाका रुपमा अर्थाउँदै ३६ खेलको प्रतियोगिताबाट बढाएर अझै केही खेलहरु थप गर्ने विषयमा आफूहरु छलफलमै रहेको बताए।

प्रतियोगिता आगामी जेठ २२ देखि २८ गतेसम्म गण्डकी प्रदेशको राजधानी पोखरा लगायत अन्य जिल्लामा कम्तिमा एक खेल सञ्चालन गर्ने तयारी भइरहेको छ। कार्यक्रममा मञ्चका अध्यक्ष बरालले खेल, खेलाडी र खेलसंघहरुसँग सहकार्य गर्दै अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गरे। उनले नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता पोखरामा हुँदै गर्दा यसलाई सफल पार्न सहकार्य गरेर अगाडी बढ्न आग्रह गरे।

नवौं खेलकुद लक्षित गरी छलफल कार्यक्रम र पोखरा स्पोर्ट्स अवार्ड असार पहिलो साता गर्ने तयारी गरेको अध्यक्ष बरालले जनाए। पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका प्रमुख लक्ष्मण योगीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन निर्देशक कृष्ण तिमिल्सिनाले गरेका थिए।

# ठूला दलका उम्मेदवार टुङ्गिएनन्, उम्मेदवारी दर्ता भोलि मात्रै

**पोखरापत्र संवाददाता**
**दमौली, ११ बैशाख**

आसन्न स्थानीय तह निर्वाचनका लागि तनहुँमा ठूला राजनीतिक दलले उम्मेदवार टुङ्गो लगाउन सकेका छैनन्।

आइतबार र सोमबार उम्मेदवारी दर्ता गर्ने कार्यतालिका रहेपनि ठूला राजनीतिक दलले अझैसम्म पनि उम्मेदवार टुङ्ग्याउन नसकेको हो। नेपाली कांग्रेस, (नेकपा एमाले) र (नेकपा माओवादी) केन्द्र उम्मेदवार छनोटका लागि आन्तरिक बैठकमा व्यस्त छन्। सत्तारुढ दलबीच गठबन्धन गर्ने सहमति भए पनि भागबण्डा नमिलेका कारण समस्या भएको छ। सत्तारुढ दलबीच भागबण्डा मिलाउन पटकपटक बैठक बसे पनि सहमति हुननसकेको नेपाली कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो।

भागबण्डामा सहमति नजुटेपनि कांग्रेस उम्मेदवार टुङ्ग्याउन बैठक बसिरहेको खनालले बताउनुभयो। कांग्रेसले जिल्लाका चार नगरपालिकाका उम्मेदवार चयन गर्नका लागि प्रदेश समितिलाई नामावली सिफारिस गरिसकेको छ भने छ गाउँपालिका र ८५ वडाका अध्यक्षका उम्मेदवार जिल्लाबाटै टुङ्ग्याउने तयारी गरेको छ। "जिल्लामा गठन भएको संसदीय समितिले गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाका अध्यक्षको टुङ्गो आज बेलुकासम्म लाग्ने सम्भावना छ", उहाँले भन्नुभयो, "कांग्रेसले भोलि मात्र उम्मेदवारी दर्ता गर्ने भएको छ।" नेकपा एमाले तनहुँले पनि उम्मेदवार टुङ्गो लगाउन बैठकमा व्यस्त छ। चार नगरपालिका, छ गाउँपालिका र ८५ वडामा उम्मेदवार आइतबार बेलुकासम्म टुङ्गिने एमाले तनहुँका उपसचिव खिमबहादुर कुमालले जानकारी दिनुभयो।

एमालेले भोलि दशवटै पालिकामा एकैसाथ उम्मेदवारी दर्ता गराउने तयारी गरेको छ। नेकपा माओवादी केन्द्रले भने सात वटा पालिकामा प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षको उम्मेदवार टुङ्गो लगाएको छ। यद्यपि सत्तारुढ दलबीच गठबन्धनको भागबण्डा नमिलेका कारण माओवादीले पनि भोलिमात्रै उम्मेदवारी दर्ता गराउने जनाएको छ। माओवादी केन्द्रले शुक्लागण्डकी नगरपालिकाको प्रमुखमा आशा कोइराला, भानु नगरपालिकाको प्रमुखमा ओमकुमारी पौडेल, व्यास नगरपालिकाको प्रमुखमा अतिन्द्रकेशरी न्यौपाने, म्याग्दे गाउँपालिकाको अध्यक्षमा दिलीप श्रेष्ठ, भीमाद नगरपालिकाको प्रमुखमा रामबहादुर थापा, देवघाट गाउँपालिकाको अध्यक्षमा भुवनसिं गुरुङ र आँबुखैरेनी गाउँपालिकाको अध्यक्ष शुक्र चुमानलाई उम्मेदवार उठाउने भएको छ।आइतबार साना दल र स्वतन्त्र उम्मेदवारले मात्रै उम्मेदवारी दर्ता गराउने भएका छन्। मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश हरिशचन्द्र ढुङ्गानाले उम्मेदवारी दर्ताको सम्पूर्ण तयारी भएको जानकारी दिनुभयो।

# अबको साझा लक्ष्य : समृद्धि मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले मुलुकका अबको साझा लक्ष्य समृद्धि रहेको भन्दै यसको प्राप्तिका लागि राजनीति दल, नागरिक समाज, निजी क्षेत्रसहित सम्बन्धित सबै एकजुट हुनुपर्ने बताएका छन्।

लोकतन्त्र दिवस २०७९ का अवसरमा शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री पोखरेलले भनेका छन्, 'हाम्रो अबको साझा लक्ष्य आर्थिक समृद्धि हो। नागरिक सन्तुष्टि नै कुनै पनि व्यवस्था सफलताको कडी हो। यसका लागि सबै राजनीति दल, नागरिक समाज, निजी क्षेत्रसहित सम्पूर्ण नेपाली एकजुट भएर अगाडि बढ्न यस दिवसले हामी सबैलाई प्रेरणा मिलोस भन्दै हार्दिक शुभकामना प्रकट गर्दछु।' लामो संघर्षपछि संविधानसभामार्फत् बनेको संविधान र त्यसपछि बनेको ३ तहका सरकारलाई अझ प्रभावकारी र जनमुखी बनाउनका लागि सहमति र सहकार्य नै सबैभन्दा ठूलो शक्ति रहेको उनले उल्लेख गरेका छन्। मुख्यमन्त्री पोखरेलले जारी गरेको सन्देशमा उल्लेख छ, 'वैशाख ११ गते एक सामान्य दिन होइन। २०६२/६३ को आन्दोलन र त्यसअघिका राजनीतिक घटनाक्रमका प्रभावले नेपालमा राजतन्त्रले घुँडा टेकेको दिन हो।' यहि दिन पुनर्स्थापना भएको संसदले नेपालमा गणतन्त्र स्थापना गरेको भन्दै उनले जसको फलस्वरुप अहिले हामी संघीय गणतान्त्रिक शासन व्यवस्थाको अभ्यास गर्न पाएको बताएका छन्। लामो संघर्षबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्नु अहिलेको महत्वपूर्ण जिम्मेवारी रहेको भन्दै मुख्यमन्त्री पोखरेलले देशमा स्वच्छ राजनीतिक संस्कारको विकास तथा आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने सोचसहित अघि बढे मात्र यो शासन व्यवस्था प्रभावकारी हुने उल्लेख गरेका छन्।

उनले प्रक्रियामा रहेको स्थानीय तहको निर्वाचनका साथै यही वर्ष हुने प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको निर्वाचनलाई स्वच्छ र निश्पक्ष रुपमा सम्पन्न गर्न आग्रह समेत गरेका छन्।


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

सुक्खा याम तथा खडेरीको मौसममा वन डढेलो लागी वन पैदावार, वन्यजन्तु तथा पंक्षी समेतलाई हानी-नोक्सानी पुऱ्याई समग्र वातावरणमा नकारात्मक असर पर्न सक्ने सम्भावना भएकोले सुक्खायाम तथा हावाहुरी लाग्ने समयमा आफ्नो गाउँ नगर वरिपरिको वन क्षेत्रलाई वन डढेलोबाट जोगाइ वन संरक्षण तर्फ अग्रसर हुन अनुरोध छ। कथंकदाचित वन डढेलो लागि हालेमा वन उपभोक्ता समूह लगायतका सम्बद्ध पक्षहरु मिली तत्काल नजिकको वन कार्यालय तथा सुरक्षा निकायमा वन डढेलोको सूचना गर्ने तथा श्रोत र साधनले भ्याएसम्म सम्बन्धित सबै पक्षसँग सहकार्य गरी वन डढेलो तत्काल निभाउन प्रयत्न गर्नुहुन समेत हार्दिक अनुरोध छ।

**अनुरोधक**
**प्रदेश सरकार**
**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**
**सम्पर्क नः** ०६१–४६७६५४, ०६१–४६७६६९, ०६१–४६७६७०
**इमेलः** moitfe4@gmail.com


# दुलेगौडा-कोत्रे सडक : घाम लाग्दा धुलो र पानी पर्दा हिलो

**पोखरापत्र संवाददाता**
**दमौली, ११ बैशाख**

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित दुलेगौडा-कोत्रे सडकखण्ड धुलाम्य भएपछि स्थानीयवासी आन्दोलित भएका छन्। शुक्लागण्डकी -२ हलेदीमा सडक मरमत नहुँदा स्थानीयवासीले समस्या भोग्दै आएका छन्।

घाम लाग्दा धुलो र पानी पर्दा हिलो भएपछि स्थानीयवासी सडक अवरुद्ध गरेर आन्दोलनमा उत्रिएका हुन्। पटक-पटक सम्बन्धित निकायमा धुलो नियन्त्रणका लागि आग्रह गरे पनि चासो नदिएपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको स्थानीयवासी तीर्थराज खनालले बताउनुभयो। स्थानीयवासीले शुक्रबार कोत्रेमा १५ मिनेट र शनिबार हलेदीमा ३० मिनेट राजमार्ग अवरुद्ध गरेका छन्।

"हामीले राज्यलाई तिर्नुपर्ने सब कर तिरेका छौं, तर पनि हाम्रो माग पूरा हुँदैन, सधैँ धुलो खाएर बस्नुपरेको छ", उहाँले भन्नुभयो।

सडक डिभिजन कार्यालयमा विभिन्न मितिमा डेलिगेशन गएर सडक मर्मतको माग गरिए पनि सुनुवाइ नभएको स्थानीय युवा शङ्कर पन्तले जानकारी दिनुभयो। पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक विस्तारका लागि ठेक्का लागिसकेकाले सडक डिभिजनले केही गर्न नसक्ने बताएको पन्तले बताउनुभयो। "सम्बन्धित निकायमा गयो, माग सुनुवाइ हुँदैन, आन्दोलन गर्नुको विकल्प छैन", उहाँले भन्नुभयो।

सडकखण्ड धुलाम्य हुँदा यस ठाउँका स्थानीयवासीका अलवा राजमार्ग भएर यात्रा गर्ने सर्वसाधारणले पनि सास्ती भोग्दै आएका छन्। यस ठाउँको विभिन्न खण्डमा सडक भत्किँदा दुई पाङ्ग्रे सवारी दुर्घटनामा पर्ने गरेका छन्।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# बलियो हुन नसकेको लोकतन्त्र

नेपाली जनताले जनआन्दोलनमा देखाएको अभुतपूर्व सहभागिताले नेपालमा लोकतन्त्र आयो । नेपालको २०६२/०६३ को आन्दोलन हरेक दृष्टिकोणले सफल मानिन्छ । २ सय ४० वर्षको शाहवेसीय राजतन्त्रको अन्त्य दोश्रो जनआन्दोलकले गऱ्यो । शसस्त्र संघर्ष गरेको नेकपा माओवादीलाई शान्तिपूर्ण राजनीतमा ल्याउने काम २०६२/०६३ को आन्दोलनले नै हो । २०६२ साल चैत २४ गतेबाट शुरु भएर २०६३ बैशाख ११ गते आन्दोलन टुङ्गीएको हो । शान्तिपूर्ण आन्दोलनबाट जनताले आफ्नो अधिकार लिएको दिनको रुपमा बैशाख ११ गतेलाई लोकतन्त्र दिवसको रुपमा सम्झने गरिएको छ । सरकारी विदा नभएपनि लोकतन्त्रलाई दिवसको रुपमा नागरिकले अधिकार पाएको दिनको रुपमा लिने गरेका छन् ।

लोकतन्त्रिक आन्दोलनको उपलब्धि संविधान सभा, गणतन्त्र, समावेशी प्रतिनिधित्व र राज्यको पुनसंरचना हो । गणतन्त्र घोषण भएको छ । मुलुकमा राष्ट्रपति पनि छन् । समावेशी प्रतिनिधित्व गराउन निर्वाचन प्रणाली पनि प्रत्यक्ष निर्वाचित र समानुपातिक प्रतिनिधित्व गराइएको छ । जनआन्दोलनमा नेपाली जनताले उठाएका मुद्धा संविधान जारी गरेपछि ती अधिकार संस्थागत भएको छ । तिनै तहका सरकार बनेर अधिकारको वाडफाड भएको छ । सिंहदरबारको अधिकार गाउँमा आइपुगेको पाँच वर्ष पुग्दैछ । जनताको नजिकैको सरकार स्थानीय तहको निर्वाचनका लागि उमेदवार दर्ता गर्ने दिन लोकतन्त्र दिवसको दिनमा परेको छ । कन्द्रीकृत मानसिकताले गर्दा स्थानीय तह र प्रदेश सरकारबाट सम्पादन हुने काम अपेक्षाकृत हुन सकेको छैन । कोभिडका कारण अर्थिक बृद्धि वृद्धि हुन सकेको छैन ।

लोकतन्त्र स्थापनाका लागि शाहदत प्रप्त गर्ने शहिदको रगत खेरा जान नदिन सरकारले शहीदहरुलाई समान व्यवहार गरेको छ । जनआन्दोलनका घाइते र अंगभंग भएकाहरुले अझै राहत पाउन सकेका छैनन् । शरीर भित्र रहेको गोली र अंगभंग भएकाहरुको उपचार र भरणपोषणको व्यवस्था नगरेसम्म जनआन्दोलनको मर्म पुरा हुन सक्दैन । रातारात धनकमाउने कालाबजारीया, भ्रष्ट र तस्करहरुले जनतालाई लोकतन्त्रको पाठ पढाउने अवस्था बढेर गएको छ । निर्वाचनमा जस्ले खर्च गर्न सक्छ भन्नेलाई उमेदवार कनाउ खोज्ने, आफ्नो दास बन्न सक्ने खोज्ने प्रवृत्ति हावी हुदाँ राजनीतक दलका नेताहरुले लोकतान्त्रिक आचरण देखाउन नसक्दा अहिले जनतामा निराशा छाएको छ ।

नेताहरुले सिमित घेरा भन्दा बाहिर हेर्न नसक्दा जनताले विश्वास गरेका नेताहरुका बारेमा प्रश्न उठाउने ठाउँ दिएको छ । राजा चाहने शक्तिहरु सलबलाउन थालेका छन् । अन्दोलनमा सँगै लडेको शक्ति नेपाली कांग्रेस सरकारको नेतृत्व गर्न पुगेको छ । सँगै लडेको लोकतान्त्रिक शक्ति विरुद्धको गतिविधि राजतन्त्रको वकालत गर्नेलाई सघाउने छ । जनताको सहभागितामा जनताका प्रतिनिधिले मुलुक चलाउने प्रणाली स्थापित भएको छ । अव त्यसलाई जीवन पद्धति बनाउन सकियो भने मात्र लोकतन्त्र बलियो हुन्छ । लोकतन्त्र स्थापना गर्न जस्ले योगदान गरेको छ उनीहरुको जीवनमा परिवर्तन नआएसम्म ब्यबस्था परिवर्तनले केही हुँदैन । जनताको अवस्था परिवर्तन गर्न सके मात्र लोकतन्त्र बलियो हुनेछ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाव | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# नबिल बैंकको शाखा मालेपाटनमा

पोखरापत्र संवाददाता
दमौली, ११ बैशाख

नबिल बैंक लिमिटेडले मालेपाटनमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ ।

शाखाको आइतबार पोखरा महानगरपालिका वडा नं.-५ का वडा अध्यक्ष एवं महानगरका प्रवक्ता धनबहादुर नेपालीले उद्घाटन गरे । कार्यक्रममा बोल्दै उनले बैंकहरुले उत्पादक क्षेत्रमा लगानी गर्नुपर्नेमा जोड दिए । उनले कृषि क्षेत्रको समृद्धिका लागि बैंकले गरेको सेवा प्रवाह स्वागत योग्य भएको बताए । बैंकका निर्देशक आशा राणा अधिकारीले कृषि तथा महिला उद्यमीहरुका लागि बैंकले विशेष कर्जा प्रदान गर्दै आइरहेको बताइन् । उनले गण्डकी प्रदेशमा बैंकका १६ वटा शाखा रहेको र थप विस्तार गर्ने योजना सुनाइन् । बैंकका गण्डकी प्रदेश प्रमुख सूर्यबहादुर रोकाले विगत ३७ वर्षदेखि ग्राहकहरुकै विश्वासका कारण नेपालकै अग्रणी बैंक बन्न सफल भएको बताए । बैंकका १ सय ४६ शाखा रहेको र ११ लाख ग्राहक संख्या रहेको उनले बताए ।

# मनाङमा गठबन्धनका दुई दलबीच भागबण्डा टुङ्गियो

पोखरापत्र संवाददाता
मनाङ, ११ बैशाख

सत्ता गठबन्धनमा रहेका दुई दलले हिमालपारिको जिल्ला मनाङका स्थानीय तहमा भागबण्डा टुङ्ग्याएका छन् ।

नेपाली कांग्रेस मनाङको बैठकले दुई दल नेपाली कांग्रेस र माओवादी केन्द्र बीच भागबण्डा गरेको हो । दुई दलबीच भएको सहमतिअनुसार जिल्लाका चार पालिकामा नेपाली कांग्रेसले प्रमुख र तीन पालिकामा उपप्रमुख पद पाएको छ ।

यस्तै माओवादी केन्द्रले नार्सों गाउँपालिकामा उपाध्यक्ष पद पाएको छ । नार्पाभूमि गाउँपालिकामा भने कांग्रेसबाट नै टुङ्ग्याउने सहमति भएको छ ।

# एसइई : लमजुङमा २६ परीक्षार्थी अनुपस्थित

पोखरापत्र संवाददाता
लमजुङ, ११ बैशाख

यहाँ माध्यमिक शिक्षा परीक्षा (एसईई) को दोस्रो दिन आज २६ परीक्षार्थी अनुपस्थित भएका छन् । नियमिततर्फ छात्रा १६ र छात्र १० गरी २६ परीक्षार्थी अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख वीरबहादुर गुरुङले बताउनुभयो ।

त्यस्तै आइतबार ग्रेडवृद्धितर्फका पाँचमध्ये एक छात्र अनुपस्थित भएको उहाँको भनाइ छ । एसईईको पहिलो दिन शुक्रबार नियमिततर्फ १७ छात्रा र १० छात्र गरेर २७ विद्यार्थी अनुपस्थित भएका थिए । परीक्षामा जिल्लाभर १७ विद्यालयबाट परीक्षार्थी सामेल भएका छन् । जिल्लामा १८ परीक्षा केन्द्रमा यतिका सङ्ख्यामा विद्यार्थीले एसईई परीक्षामा सामेल रहेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख वीरबहादुर गुरुङले बताउनुभयो । नियमिततर्फ तीन हजार १२ र ग्रेड वृद्धितर्फ छ जनाले एसईईका परीक्षार्थीमध्ये परीक्षाको पहिलो दिन उक्त सङ्ख्यामा अनुपस्थित भएका हुन् । परीक्षामा सम्बन्धित विद्यालयका प्रधानाध्यपकलाई नै केन्द्रध्यक्ष तोकिएको छ ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २६ बुढिबजार स्थित मुल नहर सडक २ ढलान बाटो निर्माण गर्दा निम्न अनुसारको आम्द(नी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

योजनाको नाम : मुल नहर सडक २ निर्माण
कार्यक्रमको नाम : ५०/५० योजना
उपभोक्ता समिति : मुल नहर सडक २ उपभोक्ता समिति, पोखरा-२६
योजना सम्झौता मिति : २०७८/१२/०५ गते
योजना सुरु मिति : २०७८/१२/०६ गते
योजना सम्पन्न मिति : २०७९/०१/०५ गते
योजनाको कुल लागत : रु. १४,०९,००९/७८
महानगरपालिकाबाट प्राप्त : रु. ७,०४,५०४/८९
उपभोक्ताबाट : रु. ७,०४,५०४/८९

उपभोक्ता समिति
अध्यक्ष एकेन्द्र बन्जरा
सचिव मिनबहादुर खत्री
कोषाध्यक्ष रञ्जना रानाभाट

**मुल नहर सडक-२ उपभोक्ता समिति**
पोखरा-२६, बुढिबजार, कास्की

## आर्कषक घडेरी बिक्रीमा

लेखनाथ-३१ महोरिया बेगनास ताल नजिक अवस्थित आर्कषक घडेरी बिक्रीमा छ ।
क्षेत्रफलः १८ ×४० को प्रति हात
२ लाख ६० हजार
३० ×४० को प्रति हात
२ लाख ५० हजार
सम्पर्कः
९८१६१३४९६३

# एन्फा स्याङ्जाको अध्यक्षमा पुनः राना

पोखरापत्र संवाददाता
स्याङ्जा, ११ बैशाख




अखिल नेपाल फुटबल संघ (एन्फा) स्याङ्जाको अध्यक्षमा मुक्तबहादुर राना पुनः निर्वाचित भएका छन् ।

संघको उपाध्यक्षमा पुतलीबजारका शरद गुरुङ, वालिङका भिमप्रसाद पंगेनी र सुन्दर श्रेष्ठ सर्वसहमतिमा निर्वाचित भएका हुन् ।

जिल्ला सदरमुकामस्थित सहयात्री पार्टी प्यालेसमा सम्पन्न अधिवेशनले संघको महासचिवमा पुतलीबजारका ईश्वर पराजुली निर्वाचित भएका छन्, भने कोषाध्यक्षमा वालिङका विजय विक्रम खाँण 'विक्रम' निर्वाचित भएको निर्वाचन समितिका संयोजक अधिवक्ता हरिप्रसाद रेग्मीले जानकारी दिए । संघको सदस्यमा प्रकाश रेग्मी, सगुन थापा, यमबहादुर थापा, बसन्तकुमार थापा, भुवन थापा, सागर घिताल, लक्ष्मण रुचाल, लालबहादुर ज्वारचन, राजकुमार गुरुङ केशबहादुर थापा र सोमबहादुर मल्ल चयन भएको निर्वाचन समितिले जनाएको छ ।

# मनोनयनको पहिलो दिन ठूला दलले गरेनन् उम्मेदवारी दर्ता

पोखरापत्र संवाददाता
बागलुङ, ११ बैशाख

स्थानीय तह निर्वाचन मनोनयनको पहिलो दिन बागलुङका ठूला राजनीतिक दलले १० वटै स्थानीय तहमा उम्मेदवारी दिएका छैनन् ।

उम्मेदवार टुङ्गो नलाग्दा नेकपा एमाले र सत्ता गठबन्धनमा आबद्ध राजनीतिक दलले उम्मेदवारी नदिएका हुन् । आइतबार केही स्थानीय तहमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र केही स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिएका छन् । पहिलो दिन स्थानीय तहमा रहेका निर्वाचन अधिकृतको कार्यालय सुनसान बने । उम्मेदवारी दिने प्रयोजनका लागि कार्यालयबाट उम्मेदवारी फर्म लगे पनि दर्ता गर्न राजनीतिक दल कार्यालय नआएको मुख्य निर्वाचन अधिकृत वासुदेव न्यौपानले जानकारी दिनुभयो ।

सत्ता गठबन्धनले भागबण्डा टुङ्ग्याउन सकेको छैन । नेकपा एमालले पनि बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका, बडिगाड गाउँपालिकामा प्रमुख र उपप्रमुखको टुङ्गो लगाउन नसक्दा मनोनयन रोकिएको हो । सर्वसम्मत पालिका प्रमुख र उपप्रमुख चयन भएको स्थानीय तहमा पनि एमालले उम्मेदवारी दर्ता गरेको छैन । सत्ता गठबन्धनमा कुरा नमिलेपछि गठबन्धन फुट्ने र गठबन्धनबाट अलग भएको पार्टी नेकपा एमालेसँग चुनावी एकता गर्न सक्ने अपेक्षाले पनि सर्वसम्मत उम्मेदवार टुङ्गो लागेको स्थानीय तहमा एमालेले उम्मेदवारी दर्ता नगरेको हो ।

पहिलो दिन जैमिनी नगरपालिकाको उपप्रमुखमा स्वतन्त्र उम्मेदवार रुद्रकुमारी रोका क्षेत्री, जैमिनी वडा-२ मा राप्रपाबाट वडाध्यक्षमा यज्ञप्रसाद सापकोटा र वडा-३ को वडाध्यक्षमा स्वतन्त्र उम्मेदवार कृष्ण पाण्डेले उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृत सूर्यप्रसाद भण्डारीले जानकारी दिनुभयो । वडा नं ६ मा राप्रपाका यामबहादुर क्षेत्री, वडा नं ९ मा मङ्गोलियन नेशनल अर्गनाइजेसनका सहवीर थापाले उम्मेदवारी दिनुभएको उहाँले बताउनुभयो ।

बागलुङ नगरपालिकाको उपप्रमुखमा तारादेवी रिजालले उम्मेदवारी दिनुभएको छ । उहाँले स्वतन्त्र उम्मेदवारी दिनुभएको हो । ढोरपाटन नगरपालिकामा रापपाका नीमबहादुर भण्डारीले मात्रै उम्मेदवारी दिनुभएको छ । काठेखोलागाउँपालिका-५ बिहुँको वडाध्यक्षमा होमनाथ कँडेलले स्वतन्त्र उम्मेदवारी दिनुभएको छ । जिल्लाको तमानखोला गाउँपालिका, ताराखोला गाउँपालिका, निसीखोला गाउँपालिका र बरेङ गाउँपालिकामा कसैको पनि उम्मेदवारी दर्ता नभएको निर्वाचन अधिकृतले बताउनुभयो । बडिगाड गाउँपालिका-५ को अध्यक्षका लागि राप्रपाका शङ्कर खरेल र वडा सदस्यमा सीता आचार्यले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

# मनाङमा विभिन्न पदमा ७६ जनाको उम्मेदवारी दर्ता

पोखरापत्र संवाददाता
मनाङ, ११ बैशाख

आसन्न स्थानीय तह निर्वाचनका लागि हिमाली जिल्ला मनाङका चार वटै पालिकामा विभिन्न पदमा ७६ जनाले आइतबार उम्मेदवारी दर्ता गराएका छन् ।

अधिकांश नेकपा (एमाले) र स्वतन्त्र उम्मेदवारले मनोनयन दर्ता गराएका छन् । एमालेको तर्फबाट चामे गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवार लोकेन्द्र घलेले उम्मेदवारी दर्ता गराउनुभएको छ । एमालेको तर्फबाट उपाध्यक्षमा भने उम्मेदवारी दर्ता भएको छैन ।

एमालेको तर्फबाट चामे गाउँपालिका-३ को वडाध्यक्षसहित सदस्यहरूको समेत उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृतको कार्यालय चामेले जनाएको छ । कार्यालयका अनुसार १, २, ४ र ५ नम्बर वडाका भने बाँकी रहेको एमाले जिल्ला कमिटी मनाङले जनाएको छ । नासों गाउँपालिकाका गठबन्धनको तर्फबाट उम्मेदवारी दर्ता भएको छ । नासोंमा गठबन्धनबाट विभिन्न २८ पदमा उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार नेपाली कांग्रेसबाट मनबहादुर गुरुङले नासों गाउँपालिकाको अध्यक्षमा मनोनयन दर्ता गराउनुभएको छ भने गठबन्धनमार्फत नेकपा (माओवादी केन्द्र)बाट अर्विन गुरुङले उपाध्यक्षमा मनोनयन दर्ता गराउनुभएको छ । नासों गाउँपालिकाको नौ वडामध्ये ६ वडामा उम्मेदवारी दर्ता भएको छ भने अन्य वडामा बाँकी रहेको निर्वाचन अधिकृत तारादत्त बडुले जानकारी दिनुभयो । वडा नं २ र ४ मा विभिन्न पदमा नेकपा (माओवादी केन्द्र)बाट उम्मेदवारी परेको छ भने अन्यमा उम्मेदवारी हुन बाँकी रहेको छ । नासोंको पाँच वडामा नेपाली कांग्रेसको भागमा परेको जनाइएको छ । त्यस्तै मनाङ डिस्याङ गाउँपालिकाका ९ नम्बर वडा बाहेक सबैमा एमाले र स्वतन्त्रबाट उम्मेदवारी दर्ता भएको निर्वाचन अधिकृत केदारनाथ उपाध्यायले जानकारी दिनुभयो । मनाङ डिस्याङको अध्यक्ष पदमा एमालेबाट कान्छा घले, उपाध्यक्ष पदमा स्वतन्त्रबाट छिरिङ गुरुङले उम्मेदवारी दर्ता भएको उपाध्यायले बताउनुभयो । एमालेबाट डिस्याङ-१को वडाध्यक्षमा मिङ्मार गुरुङ, खुल्ला सदस्यहरूमा कर्म छिरिङ गुरुङ र नर्बु छिरिङ गुरुङ र महिला सदस्यमा सुमी छिरिङ लमु गुरुङको उम्मेदवारी परेको छ । एमालेबाट डिस्याङ-२को वडा अध्यक्षमा कर्म गुरुङ र महिला सदस्यमा टसी अन्जीन घलेको उम्मेदवारी परेको छ । एमालेबाट डिस्याङ-३ को वडाध्यक्षमा कृष्ण लामा, खुला सदस्यहरुमा सोनाम घले र रविन गुरुङ, महिला सदस्यमा लाक्पा पल्मु लामाले उम्मेदवारी दर्ता गराएका छन् । एमालेबाट डिस्याङ-४ को वडाध्यक्षमा कमल गुरुङ, खुल्ला सदस्यहरुमा कर्मा छोम्पेल गुरुङ र सुदीप छोम्पेल गुरुङ, महिला सदस्यमा छिउदा गुरुङ र दलित महिला सदस्यमा पूर्णकुमारी विश्वकर्माको उम्मेदवारी परेको छ ।

एमालेबाट ६ नम्बर वडामा अध्यक्षसहित सबै पदमा मनोनयन दर्ता भएको छ । वडाध्यक्षमा सोनाम गुरुङ, सदस्यहरुमा राजु गुरुङ र कर्मा वाङ्गेल, महिला सदस्यमा सानु गुरुङ र दलित महिला सदस्यमा अरुणा विकले मनोनयन दर्ता गराउनुभएको छ । एमालेको तर्फबाट डिस्याङ-८को वडाध्यक्षमा पेम्बा गुरुङ, सदस्यहरूमा नानीराम तामाङ र दीपक गुरुङ र महिला सदस्यमा मेङ्सु गुरुङको उम्मेदवारी परेको छ । डिस्याङ-३ मा स्वतन्त्रबाट अध्यक्षसहित सबै पदमा उम्मेदवारी मनोनयन भएको छ । नार्पाभूमि गाउँपालिकाको अध्यक्षका उम्मेदवार ज्याप्ले गुरुङ र उपाध्यक्षमा भेग मिलाउनुपर्ने भएकाले छलफल जारी रहेको एमाले मनाङले जनाइएको छ । एमाले मनाङका अध्यक्ष पोल्देन छोपाङ गुरुङले नार्पाभूमिमा अध्यक्ष र उपाध्यक्षसहित वडाध्यक्षबारे आन्तरिक छलफल भइरहेको बताउनुभयो । "नार्पाभूमिमा योग्य साथीहरू हुनुहुन्छ । उम्मेदवारको टुङ्गो लागिसकेको छ । तर, कसलाई कुन पदमा उठाउनेबारे छलफल भइरहेको छ", उहाँले भन्नुभयो ।

नेपाली कांग्रेस मनाङले पनि उम्मेदवार टुङ्गो लगाएर मनोनयनको तयारीमा रहेको कांग्रेस मनाङका सचिव महेन्द्र घलेले जानकारी दिनुभयो । उहाँका अनुसार नासों गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा गठबन्धन गरी मनोनयन आजै दर्ता भएको छ । "अन्य पालिकाको उम्मेदवारको टुङ्गो लगाएका छौं, अन्य स्थानीय तहमा भने भोलि उम्मेदवारी दर्ता गर्ने तयारीमा छौं", घलेले भन्नुभयो ।

# नयाँवर्षको शुभकामना, बधाई तथा रकम हस्तान्तरण सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ बैशाख**

श्रीकृष्ण मन्दिर संचालक समिति, श्रीकृष्ण मन्दिर आमा समूह र भ्याली स्पोर्ट्स क्लब रामबजार १०/१५ को संयुक्त आयोजनामा २०७९ सालको शुभकामना आदान प्रदान, भरखरै सम्पन्न एन्फा कास्कीको निर्वाचनले अध्यक्ष पदमा उज्जल रंजीत र सदस्यमा विकास गुरुङ निर्वाचित हुनुभएकोमा सम्मान बधाई ज्ञापन र रकम हस्तान्तर कार्यक्रम श्रीकृष्ण मन्दिर रामबजारको सभाहलमा एक कार्यक्रम बीच सम्पन्न गरेको छ।

शुभकामना आदान प्रदान कार्यक्रम तथा बधाई कार्यक्रमका रामबजार सोसाइटी यूकेका बरिष्ठ सल्लाहाकार राम बजारका तारा महेश गुरुङको प्रमुख अतिथ्यतामा श्रीकृष्ण मन्दिर परिसरमा रहेको घण्टी बजाएर कार्यक्रमको उद्घाटन गर्नु हुदै त्रिपक्षिय सस्थाहरूको संयुक्त आयोजनामा शुभ कामना आदान प्रदान तथा बधाई तथा रकम हस्तान्तर कार्यक्रम संगसगै एन्फा कास्कीको भरखरै सम्पन्न ७ औ



अधिवेशनबाट निर्वाचित अध्यक्ष लगायत सदस्य सम्मान कार्यक्रम राखी एउटा ईट्टा थप्ने काम गर्दै अब राम बजार राम बजारमा मात्र सीमित नरही एन्फा कास्की मार्फत फुटबल खेल बिकासमा अझ अघि बढ्नु पर्ने बताउनु हुदै एन्फा कास्कीको नया टिमले कास्कीको फुटबल बिकासमा लागी कास्कीका खेल प्रेमी जन सामुदायहरूको मन जित्ने काममा लाग्नु कपर्ने कुरामा जोड दिनुहुदै एन्फा कास्कीले सबैलाई समेटि लानु पर्ने बताउनु हुदै नयाँ बर्ष २०७९ को शुभकामना व्यक्त गर्नुभयो। भ्याली स्पोर्ट्स क्लब, श्रीकृष्ण मन्दिर संचालक समिती, श्रीकृष्ण मन्दिर आमा समूह को संयुक्त आयोजनामा आयोजित शुभकामना आदान प्रदान तथा सम्मान र बधाई कार्यक्रममा भरखरै मात्र सम्मान एन्फा कास्कीको ७ औ अधिवेशन बाट भ्याली स्पोर्ट्स क्लब राम बजारका पूर्व खेलाडी अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुन सफल उज्वल रंजीत र सदस्य पदमा निर्वाचित हुन सफल क्लबका सदस्य बिकास गुरुङलाई खादा लगाई सम्मान बधाई तथा सफल कार्यकालको सफलताको सुभकामना व्यक्त गरिएको कार्यक्रममा भ्याली स्पोर्ट्स क्लब को फुटबल बिकासका लागी राम बजार सोसाइटी यूकेका सस्थापक अध्यक्ष राम बहादुर गुरुङबाट रू १० हजार ५, सोसाइटी यूकेका पुर्व अध्यक्ष रूपक गुरुङबाट रू १० हजार ५० र प्रमुख अतिथी एवं राम बजार सोसाइटी यूकेका प्रमुख सल्लाहकार महेश गुरुङ बाट रू ५ हजार सहयोग हस्तान्तर गरेका थिए।

उक्त शुभकामना आदान प्रदान कार्यक्रममा श्रीकृष्ण मन्दिर संचालक समितिका अध्यक्ष ज्ञान बहादुर थापा, रामबजार सोसाइटीका सस्थापक अध्यक्ष राम बहादुर गुरुङ, सोसाइटीका पूर्व अध्यक्ष रूपक गुरुङ, सम्मानित ब्यक्ति उज्वल रंजीत लगायतका बक्ताहरूले आ आफ्नो बिचार ब्यक्त गर्नु हुदै टोल समाज हुदै खेलकुद बिकासमा सबैको हातेमालो गर्दै अगाडी बढ्नुपर्ने बताउनुभयो । उक्त कार्यक्रममा श्रीकृष्ण मन्दिर आमा समूहका अध्यक्ष कमला गुरुङले उपस्थित सबैलाई स्वागत गर्नु भएको कार्यक्रममा भ्याली स्पोर्ट्स क्लब राम बजारका अध्यक्ष सम्मर बहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रम भ्याली स्पोर्ट्स क्लबका सचिव प्रितम गुरुङले संचालन गर्नुभएको थियो।

# पोखरीछाप होमस्टे संचालकलाई टेवानको तालिम

**प्रकाश डोटेल**
**स्याङ्जा, ११ बैशाख**

स्याङ्जाको पुतलीबजार नगरपालिका–९ कोल्मामा रहेको पोखरीछाप सामुदायिक होमस्टेका सञ्चालकलाई पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) ले क्षमता अभिवृद्धि तालिम प्रदान गरेको छ। टेवानले पर्यटन बोर्डको सहयोगमा शुक्रबार र शनिबार पोखरीछापमा कार्यक्रम आयाजना गरी होमस्टे व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरेको हो।

तालिममा पोखरा पर्यटन परिषद्का सचिव एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशक संस्थापक अध्यक्ष तारानाथ पहारीले आतिथ्य सत्कार, स्वच्छ र अर्गानिक खाना, रैथाने संस्कृति जगेर्नाको बारेमा सहजीकरण गरे। उनले पर्यटकले खोज्ने सेवा सुविधाको माग परिवर्तित भइरहेको अवस्थामा सोहीअनुरुप होमस्टेलाई स्तरोन्नति गर्दै लैजानुपर्ने बताए। 'स्थानीय संस्कृतिको जगेर्ना महत्त्वपूर्ण पाटो हो,' उनले भने, 'गाउँमा आउने पाहुनालाई ऐतिहासिक पर्यटकीय स्थलको बारेमा जानकारी गराउने, गाउँमै उत्पादित खान्की खुवाउने हो भने होमस्टे दिगो हुन्छ ।' स्थानीयसँगको अन्तरक्रियामा नेपाल एसोसियसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीका नवनिर्वाचित अध्यक्ष हरिराज अधिकारीले गाउँमा रहेका ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षण गर्न विशेष जोड दिए। गाउँमै कोसेली घर बनाएर स्थानीय उत्पादन बिक्री वितरण गर्न सके आम्दानीको स्रोत वृद्धि हुने उनको भनाइ थियो। 'कुनै गाउँमा पाहुना पुग्दा त्यहाँबाट घरमा र साथीसंगीलाई के कोसेली लैजाने भन्ने हुन्छ,' उनले भने, 'गाउँभरिको उत्पादन एक ठाउँमा केन्द्रित गरेर बिक्री गर्न सके स्थानीयको आम्दानी बढ्छ ।' टेवानकी अध्यक्ष रेनु थापा मगरले होमस्टे सञ्चालकको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले तालिम आयोजना गरेको बताइन्। पर्यटनको माध्यमबाट समृद्धि हासिल गर्ने सरकारको समेत लक्ष्य रहेको अवस्थामा गाउँ पर्यटनलाई जोड दिन पोखरीछाप रोजेको उनले जनाइन्। टेवानकी महासचिव शोभा पाण्डेले पोखरीछापमा कृषि पर्यटनको समेत सम्भावना रहेको उल्लेख गरिन्। कार्यक्रम संयोजक सरिता बराल क्षेत्रीले पोखरीछापको आतिथ्यता र आत्मीयताले अविस्मरणीय रहेको बताइन्। ऐतिहासिक कोल्माकोटको काखमा रहेको गुरुङबस्ती पोखरीछाप मिलिनियम ट्रेकअन्तर्गत पर्दछ । स्याङ्जाको पुतलीबजार वा तनहुँको दुलेगौंडा हुँदै पोखरीछाप पुग्न सकिन्छ । मिलिनियम ट्रेक व्यवस्थापन समितिका अध्यक्ष नवीनप्रकाश गुरुङका अनुसार पोखरीछाप र मुलाबारीका २० घरले होमस्टे सञ्चालन गरेका छन् । होमस्टेमा आउने पाहुनालाई गाउँकै उत्पादन खुवाइन्छ । साँझको सांस्कृतिक कार्यक्रममा घाँटु र झोर्रा नाच देखाइन्छ । 'यहाँको विशेषता नै सांस्कृति पर्यटन हो,' उनले भने, 'सँगसँगै ऐतिहासिक कोल्माकोट, कन्यादेवि मन्दिर, गुफा पनि पर्यटकीय आकर्षणको केन्द्र हुन्।' कृषिमा समेत पोखरीछाप अगाडि रहेको उनले सुनाए। पोखरीछाप सामुदायिक होमस्टेका अध्यक्ष मिनबहादुर गुरुङले एक रातमा ५० जनासम्म पाहुनालाई राख्न सकिने बताए। हाल गाउँमा आन्तरिक पर्यटक गाउँमा पुग्ने गरेको र फाट्टफुट्ट विदेशी पर्यटक समेत मिलिनियम ट्रेक हुँदै आउने गरेको उनले सुनाए। पर्यटन-पोखरीछाप सांस्कृतिक समूहकी अध्यक्ष तिलकुमारी गुरुङले टेवानको तालिम निकै फलदायी भएको बताइन्।

# सुस्ताउँदै सिरुबारीको होमस्टे व्यवसाय

**प्रकाश डोटेल**
**स्याङ्जा, ११ बैशाख**

नेपालकै पहिलो नमुना होमस्टे (घरबास) संचालित पर्यटकीय गाउँ सिरुबारी पछिल्लो समय सुस्ताउन थालेको छ। सिरुबारी छाडेर अधिकांश स्थानीय बेलायत, हङकङ, भारत र छिमेकै सुविधा सम्पन्न सहर पोखरा जान थालेपछि सिरुबारीको पर्यटकीय गतिविधि सुस्ताउन थालेको हो।

श्रम गर्न सक्ने युवाहरु रोजगारीका लागि बिदेश जाने र गाउँ छोड्ने देशका अन्य गाउँघर जस्तै सिरुबारीमा युवा जनशक्तिको अभाव बढ्दो छ। गाउँमा श्रम गर्न नसक्ने उमेर पुगेका पाका मानिस मात्रै छन्। ४३ घर परिवार मध्ये ३५ घरबाट शुरु भएको होमस्टे व्यवसाय १९ घरमा सिमित हुन पुगेको छ। झण्डै एक दर्जन घर त रित्तो भईसकेका छन्। "शिक्षा, स्वास्थ्य, रोजगार जस्ता आधारभुत आवश्यकता र समयानुकुल सुविधाको खोजिमा गाउँ छाड्नेलाई रोक्न सकिएको छैन्।" स्थानीय पर्यटन विकास समितिका संयोजक जुम गुरुङले भने, "शिक्षा, स्वास्थ्य, सडकको स्तरोन्नति गर्दै गाउँको प्रबर्द्धन गरी



गाउँका मान्छेलाई गाउँमै रोक्ने र बाहिर गएकालाई गाउँमै फर्काएर केही गर्न सक्ने वातावरण बनाउन खोजिएको छ।" स्थानीय अगुवा तथा पूर्वसांसद क्याप्टेन रुद्रमान गुरुङको अगुवाईमा २०५४ सालमा घोषणा भएको पहिलो होमस्टे गाउँ सिरुबारीमा ४३ घर मध्ये पछिल्लो समय झन्डै ३० घरमा मात्रै मान्छे बस्ने गरेका छन्। युवा जनशक्तिको अभावमा पछिल्लो समय १९ घरमा सिमित होमस्टे व्यवसाय सञ्चालनमा रहेको छ। सन् २००१ मा प्रशान्त एशिया ट्राभल एसोसिएशन (पाटा) अवार्ड समेत जित्न सफल सिरुबारीमा ३५ घरमा होमस्टे सञ्चालन थियो। २०५९ देखि २०६३ को सयममा आवासिय सुविधा सहित गोर्खा पूर्वसैनिकलाई बेलायतले लगेपछि गाउँ खाली हुनेमात्रै होइन होमस्टे व्यवसाय सुस्ताएको हो। श्रमको अभावमा अर्गानिक उत्पादन हुन छाडेपछि गाउँमै सिमित उमेर पुगेका बुढाबुढीलाई होमस्टे नै बन्द हुने होकी भन्ने चिन्ता थपिदै गएको छ। होमस्टे गाउँ सिरुबारीकै चिन्ताले अभियान्ता क्याप्टेन रुद्रमानकी बुहारी ३ वर्षदेखि गाउँमै बसेर नेतृत्व गर्दै होमस्टे चलाउँदै आएका छिन्। "केहि वर्षदेखि पोखरामै बस्दै आएका थिए, गाउँमै सम्भावना देखेकाले र नेतृत्व लिनुपर्छ भनेर गाउँ आएकी छु।" उर्मिला गुरुङले भनिन्, "गाउँ आएसँगै जागीर बढेको छ, आफ्ना र गाउँका लागि केहि नमुना काम गर्न सकिन्छ भन्ने आँट पलाएर पनि आएको छु।" गाउँ पुग्ने पाहुनालाई स्वागत सत्कार तथा सांस्कृतिक कार्यक्रमको नेतृत्व अहिले उनै उर्मिलाले गर्दै आएकी छन्। गाउँबाट युवा शक्ति पलायन हुदै जानु र गाउँमै सुविधा नहुनेले घटेको गाउँको महत्व बढाउने गरी काम गर्ने बेला आएको उनले सुनाइन्। सुविधालाई गाउँ घरसम्मै पुऱ्याएर पलायन रोक्ने, बाहिरबाट गाउँ भित्राउने आफूहरुको योजना रहेपनि स्थानीय गाउँपालिकाले सहयोग नगरेको स्थानीयको बुझाई छ। जबसम्म गाउँमै अत्यावश्यकता पुरा गर्न सकिदैन् तबसम्म गाउँलेहरु सुविधा खोज्दै सहर जान खोज्नेलाई रोक्न नसकिने उनीहरुको निष्कर्ष छ। आवश्यक जनशक्तिको अभावमा थलिन थालेको होमस्टे व्यवसाय करिब २ वर्ष त कोरोनाका कारण पूर्ण रुपमा ठप्प रहेको अध्यक्ष गुरुङले बताए। पछिल्लो ६ महिनदेखि पुनः संचालनमा आएको होमस्टेमा महिनाको झण्डै ३ हजारको हाराहारीमा पाहुना आएपछि उर्जा थपिएको उनले सुनाए।

# धवलागिरिमा कांग्रेस–माओवादी तालमेल

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ११ बैशाख**

आसन्न स्थानीय तह निर्वाचनमा म्याग्दीको धवलागिरि गाउँपालिकामा नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र)ले चुनावी तालमेल गर्ने भएका छन्।

दुवै पार्टीका पालिकास्तरका नेताले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, सात वडाका अध्यक्ष र सदस्यमा साझा उम्मेदवार बनाउने सहमति गरेका हुन्। गाउँपालिकाको अध्यक्ष, २, ३, ४ र ५ नं वडाको अध्यक्षमा कांग्रेस तथा १, ६ र ७ नं वडा अध्यक्षमा माओवादीले उम्मेदवारी दिने भएका छन्।

माओवादी केन्द्रका जिल्ला समन्वय समिति सदस्य किरन थापाले वडा सदस्यमा पनि साझा उम्मेदवार बनाउने सहमति भएको जानकारी दिनुभयो। गाउँपालिका अध्यक्षको उम्मेदवारमा कांग्रेसका पालिका सभापति प्रेम पुन चयन हुनुभएको छ । उपाध्यक्षमा माओवादीका गाउँपालिका सचिव रेशम पुनलाई उम्मेदवार बनाउन सिफारिस भएको छ।

कांग्रेसले वडा नं ३ को अध्यक्षमा देवेन्द्र रोकालाई उम्मेदवार बनाउने निर्णय गरेको छ। २, ४ र ५ नं वडाको अध्यक्षका उम्मेदवार छनोट हुन बाँकी छ। माओवादीले वडा नं ६ मराङमा चक्र पुन र वडा नं ७ ताकममा अशोक खत्रीलाई वडाध्यक्षको उम्मेदवार बनाउने यसअघि नै निर्णय गरिसकेको थियो । माओवादीको भागमा परेको वडा नं १ गुर्जाको वडाध्यक्षमा हालका वडाध्यक्ष झक छन्त्याललाई दोहोऱ्याउने भएको छ। कांग्रेसको भागमा परेको वडा नं ५ मल्कवाङको वडाध्यक्षमा अमर छन्त्याललाई उम्मेदवार बनाएको छ। दुई दलले सत्ता साझेदार नेकपा एकीकृत समाजवादीलाई पनि वडा तहमा समावेश गर्ने निर्णय गरेका छन्।

कार्यपालिका सदस्य पनि बाँडफाँट गर्ने दुई दलको सहमति छ। दश हजार ९४० मतदाता भएको धवलागिरिमा १२ मतदानस्थल र १६ मतदान केन्द्र छन्। सत्ता साझेदार दलले गत चैत २४ गते जिल्लाका छवटै स्थानीय तह र ४५ वटै वडामा साझा उम्मेदवार चयन गर्ने सैद्धान्तिक सहमति गरे पनि पालिका र वडा बाँडफाँटमा कुरा नमिलेपछि अन्य पालिकामा एकल उम्मेदवारी सिफारिस, छनोट र घोषणा गरिरहेका छन्।

# एसइईमा जापानबाट १९ विद्यार्थी, नेपालमा पाँच विदेशी सहभागी

**–प्रकाश सिलवाल**
**काठमाडौं, ११ बैशाख (रासस)**

माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) २०७८ मा जापानबाटसमेत १९ जना नेपाली विद्यार्थी सहभागी छन्। जापानको टोकियोस्थित एभरेष्ट इन्टरनेशनल स्कुलमा तोकिएको परीक्षा केन्द्रबाट ती विद्यार्थीले परीक्षा दिइरहेका छन्।

सो केन्द्रमा जापानस्थित नेपाली दूतावासबाट अनुगमन भइरहेको छ। उक्त विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरिएकाले नेपाल सरकारको राष्ट्रिय परीक्षा बोर्डको कार्यतालिका बमोजिम परीक्षा सञ्चालन भएको हो। त्यहाँका विद्यार्थीका लागि नेपालबाटै प्रश्नपत्र पठाइएको छ भने विद्यालयका प्रधानअध्यापकलाई केन्द्राध्यक्ष तोकिएको राष्ट्रिय परीक्षा बोर्डमातहतको माध्यमिक शिक्षा परीक्षा, कक्षा १० का कामु परीक्षा नियन्त्रक अर्जुन रायमाझीले जानकारी दिनुभयो । यही वैशाख ९ गतेदेखि सुरु भएको यो परीक्षामा ललितपुरबाट पाँच जना विदेशी विद्यार्थीले नेपालमा रहेर परीक्षा दिइरहेका छन्। अघिल्ला दुई वर्षमा कोभिड–१९ का कारण आन्तरिक मूल्याङ्कनबाट परीक्षा सम्पन्न भएकामा यसवर्ष भौतिक उपस्थितिमा केन्द्रस्तरबाट परीक्षा सञ्चालन भएको हो। प ा ँ च लाख १४ हजार ९७७ विद्यार्थीले आवेदन दिएको परीक्षामा कूल दुई हजार सात परीक्षा केन्द्र तोकिएका छन्। परीक्षामा दुई लाख ५७ हजार ९२४ छात्रा र दुई लाख ५७ हजार ५३ छात्र रहेका छन्। परीक्षामा ग्रेडवृद्धितर्फ ११ हजार ४५४ र प्राविधिक धारतर्फ १४ हजार ५६४ विद्यार्थी रहेको परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीले जनाएको छ। देशभरबाट पहिलो र दोस्रो दिनको अनुपस्थित परीक्षार्थी सङ्ख्या सङ्कलन भइसके पनि काठमाडौँमा कूल ३६ हजार परीक्षार्थीले आवेदन दिएकामा एक हजार एक सय विद्यार्थी अनुस्थित रहेको पाइएको छ। परीक्षामा कूल ६१ विषयका विद्यार्थी संलग्न छन्। परीक्षाका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षा सहायक र सुरक्षाकर्मी गरी करीब ७० हजार जनशक्ति खटिइएका छन्। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेल, बोर्डका अध्यक्ष महाश्रम शर्मा, मन्त्रालयका सचिव यादव कोइराला, नियन्त्रक रायमाझीलगायत उच्चाधिकारीले परीक्षाबारे नियमित जानकारी लिई आवश्यक सहजीकरण र निर्देशन दिइरहनुभएको छ। यही वैशाख २० गतेसम्म सञ्चालन हुने परीक्षाको दोस्रो दिन आज परीक्षा सञ्चालन निरीक्षणका क्रममा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीमा भेटिनुभएका अध्यक्ष शर्माले हालसम्मको परीक्षा शान्तिपूर्ण, व्यवस्थित र मर्यादितरुपमा भएको बताउनुभयो।

बोर्डले विभिन्न जिल्लामा परीक्षाको अनुगमन पनि गरिरहेको छ। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पौडेलले सङ्घीय शिक्षा ऐन निर्माण भइसकेकाले यस वर्षसम्म केन्द्रबाटै एसइई सञ्चालन भएको र आगामी दिनमा प्रदेशस्तरबाट सञ्चालन गराउन नीतिगत निर्णय भइसकेको राससलाई बताउनुभयो। आगामी दिनमा प्रदेशस्तरमा प्रश्नपत्र निर्माण, परीक्षा व्यवस्थान, सञ्चालन र उत्तरपुस्तिका सम्परीक्षणलगायतका कार्य हुनेछ भने बोर्डबाट अभिलेखीकरण र परीक्षाफल प्रकाशनका कार्य हुने नियन्त्रक रायमाझीले बताउनुभयो।